नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

*Ref.*

# कार्यरत कम्पनीमा बिनासूचना अनुपस्थित नहुने सम्बन्धी नेपाली राजदूतावासको सूचना

हालैका दिनहरूमा नेपालबाट श्रम स्वीकृति लिई युएईस्थित विभिन्न कम्पनीहरूमा काम गर्न आएका नेपाली श्रमिकहरूले कम्पनीमा काम सुरु गरेको केही समयमै अनधिकृत व्यक्तिको झुठा प्रलोभनमा परी कम्पनी छोडेर भाग्ने र अलपत्र परेपछि मात्र राजदूतावासमा आई आफूले नेपालमा तिरेको पैसा तुरुन्त फिर्ता गराइदिन र तत्काल नेपाल फिर्ता पठाइदिन अनुरोध गर्ने प्रवृत्ति देखिएकोप्रति यस राजदूतावासको गम्भीर ध्यानाकर्षण भएको छ।

विभिन्न कम्पनीहरूमा काम गर्न आएका नेपालीहरूले सम्झौता अनुसारको तलब तथा अन्य सेवा सुविधाहरू प्राप्त नभएको खण्डमा यस राजदूतावासको वेबसाइटमा उल्लिखित इमेल, फोन, WhatsApp तथा नेपालको श्रमाधान केन्द्रको फोन नं ११४१ तथा Whats app (009779851347222) मार्फत समयमै जानकारी गराउन सकिनेतर्फ सम्बन्धित सबैलाई अवगत गराइन्छ।

युएईको कानुनबमोजिम कम्पनीमा बिनासूचना अनुपस्थित भएमा श्रमिकहरूलाई राहत प्रदान गर्न तथा उद्धार गर्न कम्पनी जिम्मेवार नहुने भएको हुँदा राहत र उद्धारको प्रक्रियामा कानुनी जटिलता हुने गरेकोले अनधिकृत व्यक्तिको उक्साहटमा परी कम्पनीमा अनुपस्थित (Absconding) नहुन राजदूतावास आग्रह गर्दछ।

यसरी बिनासूचना कम्पनीमा अनुपस्थित भई उत्पन्न हुने समस्याहरूका सम्बन्धमा व्यक्ति स्वयम् जिम्मेवार हुने बेहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**नेपाली राजदूतावास, अबुधाबी।**

२०८१।०२।२५

नेपाली राजदूतावास अबुधाबी, यू.ए.ई.